# राजश्री सेभिङ्ग एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ सोसाइटी लिमिटेड मलंगवा, सर्लाहीलाई सीमित बैंकिङ्ग कारोबार गर्न प्रदान गरिएको इजाजतपत्र रद्द गरिएको बारे

# नेपाल राष्ट्र बैंकको सूचना

यस बैंकबाट गरिएको स्थलगत निरीक्षणका क्रममा संस्थाको पुँजीकोष ऋणात्मक रहेको, पुँजीकोष ऋणात्मक भएको कारणले पुँजीकोष संग सम्बद्ध यस बैंकका निर्देशनहरुको पालना हुनसक्ने अबस्था नरहेको, सञ्चित नोक्सानी बढ्दै गएकोले वित्तीय अवस्था ह्रासोन्मुख हुँदै गएको, ईजाजत लिएको जिल्ला बाहिर कारोबार गरेको र निर्धारित समयावधि भित्र कार्यक्षेत्र सीमित नगरेको, ठूलो नोक्सानीको अबस्थामा पनि घरजग्गा जस्तो स्थिर सम्पत्ति खरिद गरेको, यस बैंकलाई उपलब्ध गराउनु पर्ने वित्तीय विवरण समयमा उपलब्ध गराउने नगरेको, संस्थामा रहेका कमी कमजोरीहरुको निराकरण गर्न संचालक समिति तथा लेखा समिति निष्कृय रहनुको साथै संस्थाको आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुशासनको अवस्था अत्यन्त कमजोर देखिएको सन्दर्भमा संस्थाबाट प्राप्त प्रत्यूत्तर विश्वसनीय एवम् भरपर्दो नदेखिएकोले संस्थालाई यथास्थितिमा सीमित बैकिङ्ग कारोबार संचालन गरिरहन दिँदा संस्थामा आबद्ध बचतकर्ताहरुको बचत तथा लगानीकर्ताहरुको लगानी सुरक्षित हुने भरपर्दो आधार नदेखिएको हुँदा उक्त संस्थालाई यस बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न प्रदान गरिएको ईजाजतपत्र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (ज) बमोजिम रद्द गरिएको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।